नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- २१०

मितिः- २०८०/०८/१२

विषयः- जानकारी गराईएको।

श्री स्थानीय तह (सबै)।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ४०७ मिति २०८०/०८/०८ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र र सोसाथ प्राप्त मिति २०८०/०७/२३ को मन्त्रिपरिषद्को बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्र स्वीकृतिमा रोक लगाउने सम्बन्धी निर्णय आवश्यक जानकारी एवं कार्यार्थ यसैसाथ पठाइएको व्यहोरा अनुरोध छ।

८/१२

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन ।

श्री प्रशासन शाखा

सबै वडा कार्यालय तथा

संघ संस्थालाई जानकारी

गराउने ।

२०८०/०८/१२

गैडहवा गाउँपालिका

दर्ता नं. ८४०

दर्ता मिति २०८०/०८/१२

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

पत्र संख्याः- १.६/स.व्य.प्र./२०८०/०८१
च.नं. ४०७

मितिः २०८०/८/८

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९८३०
दर्ता मितिः- २०८०।८।१०

प्रस्तुत विषयमा सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकारको मिति २०८०/१/२६ को निर्णयानुसार राष्ट्रिय योजना आयोगका मा. सदस्य श्री जयकान्त राउतको संयोजकत्वमा गठित "सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०" बाट मिति २०८०/५/२५ मा विभिन्न सुझाव सहितको प्रतिवेदन पेश भएको छ। सहकारी क्षेत्रको सुधारका लागि केही सुझाव तत्काल कार्यान्वयन गर्न आवश्यक देखिएको छ ।

देशभर ठूलो संख्यामा रहेका बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुबाट पछिल्लो समयमा ठुला-ठुला बचत स्वीकार गर्ने र जोखिमयुक्त लगानी गर्ने प्रवृत्तिमा वृद्धि हुँदै गई सहकारी संस्थाका सदस्य तथा बचतकर्ताहरुको बचत फिर्ता हुन नसकी सहकारी संस्थाहरुमा गम्भीर समस्या सिर्जना हुन गएको र यसबाट समग्र सहकारी क्षेत्रको अतिरिक्त सम्पूर्ण वित्तीय क्षेत्र नै प्रभावित हुन सक्ने जोखिम बढ्दै गएकोले उक्त कार्यदलको सुझाव समेतको आधारमा **"यस क्षेत्रको समस्या समाधानको लागि अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाई बचत तथा ऋणको कारोवार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने"** गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८०/७/२३ मा निर्णय भएकोले सोही अनुसार सबै स्थानीय तहहरुबाट समेत निर्णय कार्यान्वयनको लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गरिदिनुहुन मिति २०८०/८/८ को निर्णयानुसार अनुरोध छ ।

.............................
(रघुनाथ महत)
उप-सचिव

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं ४२११६६६
४२११६३७
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ती

देशभर ठूलो संख्यामा रहेका बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुबाट पछिल्लो समयमा ठूला ठूला बचत स्वीकार गर्ने र जोखिमयुक्त लगानी गर्ने प्रवृत्तिमा वृद्धि हुँदै गई सहकारी संस्थाका सदस्य तथा बचतकर्ताहरुको बचत फिर्ता हुन नसकी सहकारी संस्थाहरुमा गम्भीर समस्या सिर्जना हुन गएको र यसबाट समग्र सहकारी क्षेत्रका अतिरिक्त सम्पूर्ण वित्तीय क्षेत्र नै प्रभावित हुन सक्ने जोखिम बढ्दै गएकोले यस क्षेत्रको समस्या समाधानको लागि अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाई वचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी सस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८०/७/२३ मा निर्णय भएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

२०८०/८/६

(गणेशप्रसाद भट्ट)
सहसचिव/प्रवक्ता

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

विषयः वचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्र स्वीकृतिमा रोक लगाउने।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः- २०८०/०७/२२

१ विषयको संक्षिप्त व्यहोराः

हाल देशभर संघ, प्रदेश र स्थानीय तहको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संघसंस्थाहरुमध्ये अधिकांश शहरी क्षेत्रमा केन्द्रित रही मुख्य रुपमा वचत तथा ऋणको कारोवार गर्ने गरेका । मुख्य रुपमा वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको दर्ता तथा तिनको कारोवारमा ठूलो मात्रामा वृद्धि भई यस्ता सहकारी संस्थाहरुले ठूला ठूला वचत स्वीकार गर्ने र जोखिमयुक्त लगानी गर्ने प्रवृत्तिमा वृद्दि हुँदै गएको, संविधानतः तीनवटै तहमा रहेका सहकारी संस्थाहरुको नियमनको लागि सक्षम र प्रभावकारी निकाय नभएकोले सहकारी संस्थाका सदस्य तथा वचतकर्ताहरुको वचत उच्च जोखिममा रहेको र सम्पूर्ण वित्तीय क्षेत्र नै प्रभावित हुन सक्ने जोखिम बढ्दै गएकोले सहकारी क्षेत्रमा देखिएका समस्याहरुको अध्ययन गरी समाधानका उपाय सहितको सुझाव प्रदान गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०१/२६ को निर्णय अनुसार राष्ट्रिय योजना आयोगका माननीय सदस्य जयकान्त राउतको संयोजकत्वमा गठित "सहकारी क्षेत्र सुधार सुझाव कार्यदल" ले मिति २०७८/०५/२५ मा पेश गरेको सुझाव सहितको प्रतिवेदनमा नगरपालिका क्षेत्रमा हाललाई वचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी कुनै पनि प्रकृतिको सहकारी सस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्र स्थापनाको स्वीकृतिमा नेपाल सरकार (मन्त्रीपरिषद) मार्फत् रोक लगाउने सिफारिस गरेकोले सोही वमोजिमको सहकारी नियमन गर्ने व्यवस्था गर्न यो प्रस्ताव पेश गरिएको छ।

२ प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः

नेपालको संबिधानको अनुसूचि-५ मा सहकारी नियमनको कार्यजिम्मेवारी संघीय सरकारमा रहेको, सहकारी ऐन, २०७४ को परिच्छेद-१७ र सहकारी नियमावली, २०७५ को परिच्छेद-१३ बमोजिम ५० करोडभन्दा बढी वचत तथा ऋणको कारोवार गर्ने प्रदेश वा स्थानीय तहको नियमन क्षेत्राधिकार भित्रको सहकारी संस्थाको नियमन संघीय सरकारले गर्न सक्ने व्यवस्था रहेको । राष्ट्रिय सहकारी नीति, २०६९ ले समेत निर्दिष्ट भौगोलिक क्षेत्रमा कुनै प्रकारको सहकारी संस्थाहरुको संख्या अधिक भई अस्वस्थ प्रतिस्पर्धा हुने स्थिति देखिएमा निश्चित अवधिको लागि त्यस्तो स्थानमा नयाँ संस्थाको दर्तामा रोक लगाउन सकिने एवं शहरी क्षेत्रमा वित्तीय सहकारीको सघनतालाई नियन्त्रण गर्न उपयुक्त व्यवस्था गर्न सकिने उल्लेख भएको ।

३ प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः

नगरपालिका क्षेत्रमा वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको संख्या अत्यधिक रहेको, यी संस्थाहरुबीच अस्वस्थ प्रतिस्पर्धा हुन गई सर्वसाधारणको वचत रकम असुरक्षित हुन गएको, सहकारी संस्थाहरुमा वित्तीय अनुशासनको पालना हुन नसकेको, सदस्यहरुबाट स्वनियमन र स्वनियन्त्रण हुन नसकेको, सहकारी संस्थाहरुले निश्चित कार्यक्षेत्रभित्र रही समुदायमा केन्द्रित भई काम गर्न नसकेको, केही संस्थाहरुले सर्वसाधारणबाट करोडौं रकम उठाई संस्थाको कार्यालय बन्द गरी

फरार रहेको घटनाहरु बढ्न आएको, १५ भन्दा बढी संस्थाहरु समस्याग्रस्त घोषित भइसकेको, वचतकर्ताको बचत रकम फिर्ता गर्न नसकेको कारण कतिपय सहकारी सञ्चालकहरुलाई ठगीको आरोपमा समेत कारवाही चलिरहेको, वचत फिर्ता नपाएको गुनासो लिएर आउने वचतकर्ताको संख्या दिनप्रतिदिन बढ्दै गएको । यसै पृष्ठभूमिमा सहकारी क्षेत्रलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन विद्यमान सहकारी कानूनमा आवश्यक संशोधन गरी वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुलाई दोश्रो तहको नियमन संयन्त्र (एसटिआई) गठन गर्ने गरी उल्लेखित कार्यदलको सिफारिस समेतको आधारमा प्रकृया अघि बढाइएको छ । नेपालको संविधानको विभिन्न अनुसूची, सहकारी ऐन, २०७४ को दफा १५० एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हाल देशभर रहेका सहकारी संघसंस्थाहरुमध्ये करीव ९९% सहकारी संस्थाहरु प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा रहेका, संघीय सरकारवाट सहकारी संस्थाको नयाँ दर्ता नगरिए पनि प्रदेश र स्थानीय तहबाट नयाँ दर्ता, कार्य क्षेत्र विस्तार तथा सेवा केन्द्र स्थापनाको स्वीकृति दिने कार्य निरन्तर भइरहेको, तीनवटै तहमा रहेका सहकारी संस्थाहरुको नियमनको लागि सक्षम र प्रभावकारी संघीय निकाय नभएको ।

सहकारी संस्थाका सदस्य तथा वचतकर्ताहरुको आर्थिक हित एवं सहकारी मूल्य, मान्यता तथा सिद्धान्त र राष्ट्रिय अर्थतन्त्र संरक्षण गर्दै सहकारी क्षेत्रलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन आवश्यक भएकोले "सहकारी क्षेत्र सुधार सुझाव कार्यदल" को सिफारिस बमोजिम नगरपालिका क्षेत्रमा हाललाई निर्णय मिति देखि नै लागू हुने गरी वचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०८०/०७/१८ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषयसंख्या ४१ बमोजिमं यो प्रस्ताव पेश गरिएको छ।

४ <u>निर्णय हुनुपर्ने व्यहोराः</u>

सहकारी क्षेत्रको समस्या समाधानको लागि अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाई वचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने ।

मितिः- २०८०/०७/२३

..............................
(गोकर्णमणि दुवाडी)
सचिव

फरार रहेको घटनाहरु बढ्न आएको, १५ वटा भन्दा बढी संस्थाहरु समस्याग्रस्त घोषित भइसकेको, बचतकर्ताको बचत रकम फिर्ता गर्न नसकेको कारण कतिपय सहकारी सञ्चालकहरुलाई ठगीको आरोपमा समेत कारवाही चलिरहेको, बचत फिर्ता नपाएको गुनासो लिएर आउने बचतकर्ताको संख्या दिनप्रतिदिन बढ्दै गएको । यसै पृष्ठभूमिमा सहकारी क्षेत्रलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन विद्यमान सहकारी कानूनमा आवश्यक संशोधन गरी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुलाई दोश्रो तहको नियमन संयन्त्र (एसटिआई) गठन गर्ने गरी उल्लेखित कार्यदलको सिफारिस समेतको आधारमा प्रकृया अघि बढाइएको छ । नेपालको संविधानको विभिन्न अनुसूची, सहकारी ऐन, २०७४ को दफा १५० एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हाल देशभर रहेका सहकारी संघसंस्थाहरुमध्ये करीव ९९% सहकारी संस्थाहरु प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा रहेका, संघीय सरकारबाट सहकारी संस्थाको नयाँ दर्ता नगरिए पनि प्रदेश र स्थानीय तहबाट नयाँ दर्ता, कार्य क्षेत्र विस्तार तथा सेवा केन्द्र स्थापनाको स्वीकृति दिने कार्य निरन्तर भइरहेको, तीनवटै तहमा रहेका सहकारी संस्थाहरुको नियमनको लागि सक्षम र प्रभावकारी संघीय निकाय नभएको ।

सहकारी संस्थाका सदस्य तथा बचतकर्ताहरुको आर्थिक हित एवं सहकारी मूल्य, मान्यता तथा सिद्धान्त र राष्ट्रिय अर्थतन्त्र संरक्षण गर्दै सहकारी क्षेत्रलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन आवश्यक भएकोले "सहकारी क्षेत्र सुधार सुझाव कार्यदल" को सिफारिस बमोजिम नगरपालिका क्षेत्रमा हाललाई निर्णय मिति देखि नै लागू हुने गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी कुनै पनि प्रकृतिको सहकारी सस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०८०/०७/२२ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषयसंख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४ <u>निर्णय हुनुपर्ने व्यहोरा:</u>

सहकारी क्षेत्रको समस्या समाधानको लागि अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाई बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने ।

मिति:- २०८०/०७/२२

...............................

(गोकर्णमणि दुवाडी)

सचिव

श्री सचिव,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्र स्वीकृतिमा रोक लगाउने विषयको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८०/७/२२ को प्रस्ताव म.प.वै.सं. ३९/०८० मिति २०८०/७/२३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८०/७/२३